# जीतपुरसिमरा उपमहानगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
# जीतपुर, बारा

## शिलबन्दी बोलपत्र आह्वानको सूचना ।

प्रकाशित मिति : २०७६।०७।०३

यस उपमहानगरपालिकाको क्षेत्रभित्र पर्ने पसाहा, बालगंगा र दुधौरा खोलाहरुबाट आ.ब. २०७६/०७७ मा निम्नानुसार खोलाजन्य पदार्थ उत्खनन् तथा संकलनको कार्य ठेक्का बन्दोवस्तको आधारमा गर्नु पर्ने भएकोले इच्छुक फर्म कम्पनीहरुबाट आफ्नो फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र तथा आ.व ०७५।०७६को कर चुक्ताको प्रमाणित प्रतिलिपिहरु तथा उक्त कार्य गर्न योग्य भएको स्व.घोषणा पत्र पेश गरी निम्न शर्तहरुका अधिनमा रही तपसिल बमोजिमको मिति, समय र स्थानमा छुट्टाछुट्टै शिलवन्दी बोलपत्र दाखिला गर्न यो सूचना प्रकाशित गरिएको छ ।

निम्न :

| क्र. सं. | ठेक्काको विवरण | उत्खनन् गर्न पाईने परिमाण (क्यु फिट) | न्युनतम रकम (रु.). | बोलपत्र फाराम दस्तुर (रु.) | पेश गर्ने अवधि |
|---|---|---|---|---|---|
| १ | पसाहा खोलाबाट स्विकृत (IEE) प्रतिवेदनमा उल्लेखित परिमाणम खोलाजन्य पदार्थ उत्खनन, संकलन तथा घाटगद्दी गरी बिक्रि गर्न | ४५,४६,६०४.१६ | २,७२,७९,६२५।०० | ५,०००।०० | ३० दिन भित्र |
| २ | बालगंगा खोलाबाट स्विकृत (IEE) प्रतिवेदनमा उल्लेखित परिमाणमा खोलाजन्य पदार्थ उत्खनन, संकलन तथा घाटगद्दी गरी बिक्रि गर्न | २१,१०,८७२.९६ | १,२६,६५,२३८।०० | ५,०००।०० | |
| ३ | दुधौरा खोलाबाट स्विकृत (IEE) प्रतिवेदनमा उल्लेखित परिमाणमा खोलाजन्य पदार्थ उत्खनन, संकलन तथा घाटगद्दी गरी बिक्रि गर्न | २७,०२,२०१.०४ | १,६२,१३,२०७।०० | ५,०००।०० | |

**शर्तहरु :**

१. बोलपत्र फाराम यस कार्यालय र ईलाका प्रशासन कार्यालय सिमराबाट पछि फिर्ता नहुने गरी यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिन ५:०० बजे भित्र खरिद गर्न सकिनेछ ।

२. सूचना प्रकाशित भएको मितिले ३१औं (एकतिस) दिनको १२.०० बजे भित्र आफूले कबोल गरेको कूल ठेक्का अंकको ५% धरौटी रकम नेपाल बैंक लिमिटेड जीतपुर शाखामा रहेको यस कार्यालयको धरौटी खाता नं. १०००३००००००००३००००१ मा दाखिला गरेको सक्कलै बैंक भौचर वा कम्तिमा ७५ दिन म्याद भएको बैंक जमानीपत्र (बिड वण्ड) समेत संलग्न गरी बोलपत्र फाराम यस कार्यालय र ईलाका प्रशासन कार्यालय सिमरामा बुझाउनु पर्नेछ ।

३. प्राप्त बोलपत्रहरु ३१औं दिन दिउसो २:०० बजे नगरकार्यपालिकाको कार्यालयमा बोलपत्रदाता वा निजहरुको प्रतिनिधिको रोहबरमा खोलिनेछ । सो समयमा बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । बोलपत्र खरिद, दर्ता र खोलिने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा लगतै कार्यालय खुलेको दिनमा उक्त कार्यहरु गरिनेछ ।

४. ठेक्का अवधि सम्झौता भएको मिति देखि २०७७ जेष्ठ मसान्त सम्म रहनेछ ।

५. बोलपत्र फाराम भर्दा आफूले कबोल गरेको रकम अंक र अक्षर दुवैमा स्पष्ट हुने गरी उल्लेख भएको हुनु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

६. बोलपत्र स्वीकृत भएपछि सूचना पाएको वा घरदैलोमा टाँस भएको मितिले ७ (सात) दिन भित्र नियमानुसार आयकर/मू.अ.कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि साथै लिई सम्झौता गर्न यस कार्यालयमा आउनु पर्नेछ । सो अवधि भित्र सम्झौता गरी पट्टा नउठाएमा धरौटी रकम जफत गरिनेछ र दोश्रो बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा पुनः बोलपत्र आह्वान गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

शिवराज सेढाईं
प्रमुख प्रशासकीय अधिकृत

७. सम्झौताको समयमा ठेक्कामा उल्लेख भए अनुसारको सम्पूर्ण रकम एकमुष्ठ बुझाएमा कबोल अंकको १०% रकम छुट दिइने छ ।

८. ठेकेदारले आफूले कबोल गरेको कुल रकम तीन किस्तामा बुझाउने भएमा पहिलो किस्ता आफूले कबोल गरेको कुल ठेक्का रकमको ३३ प्रतिशत रकम सम्झौता गर्ने समयमा नै बुझाउनु पर्नेछ । त्यसपछिको बाँकी रकमलाई बराबर भाग लगाई २ किस्तामा बुझाउनु पर्नेछ । सो दुई किस्ता मध्येको पहिलो किस्ता रकम २०७६ माघ मसान्त भित्र र अन्तिम किस्ता वापतको रकम २०७७ बैशाख मसान्त भित्र बुझाउनु पर्नेछ ।

९. ठेकेदारले सम्झौता गर्दा पहिलो किस्ता वाहेक बुझाउन बाँकी रकमको २०७७ असार मसान्त सम्म अवधि भई यस कार्यालयको नाममा ठेकेदारको तर्फबाट मात्र जारी गरिएको बैंक जमानत (परफरमेन्स वण्ड) पेश गरेपछि मात्र ठेक्का सम्झौता गरी स्थायी चलानपूर्जी दिइनेछ ।

१०. ठेकेदारले नियमानुसार लाग्ने कर दस्तुर, शुल्क आदि सवै रकम आफैले बुझाउनु पर्नेछ । ठेक्का रकमबाट कटाउन पाइने छैन ।

११. बोलपत्र स्वीकृत भई सम्झौता भएपश्चात कुनै किसिमको छुट वा मिनाहा दिइने छैन ।

१२. शुल्क उठाउने रसिदहरु ठेक्काको शिर्षक अनुसार छुट्टाछुट्टै ३/३ प्रति रसिद ठेकेदारले आफ्नै तर्फबाट छपाई कार्यालयको छाप लगाई कार्यालयमा रसिद नम्बर दाखिला गरेर मात्र कर दस्तुर उठाउन प्रयोगमा ल्याउनु पर्नेछ । ठेकेदारले मासिक रुपमा विक्री विवरण यस कार्यालयमा पेश गर्नू पर्नेछ । विवरण पेश नगरेको कारण संकलन/उत्खनन् रोक्का भएमा ठेकेदारले कुनै किसिमको हर्जाना दावी गर्न पाउने छैन ।

१३. कुनै कारण जनाई वा नजनाई ठेक्का स्वीकृत गर्ने, आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने तथा अन्य व्यवस्था गर्ने सम्पूर्ण अधिकार यस उपमहानगरपालिकामा सुरक्षित हनेछ । बोलपत्र पेश गर्दा बोलपत्रदाताको तर्फबाट कुनै किसिमको शर्त मान्य हुनेछैन । शर्त सहितको बोलपत्रलाई बदर मानिने छ । साथै रीत नपुगी वा म्याद नाघी आएको बोलपत्र उपर कुनै कार्यवाही हुने छैन ।

१४. संकलन तथा उत्खनन् कार्य गर्दा गराउँदा स्वीकृत आईईमा उल्लेखित शर्तहरुको पूर्ण पालना गर्नुपर्नेछ ।

१५. यसमा उल्लेख भएका कुराहरुमा सोही बमोजिम र यसमा उल्लेख नभएका कुराहरुको हकमा सम्वन्धित प्रचलित कानून अनुसार हुनेछ ।

१६. थप जानकारीको लागी यस कार्यालयमा सम्पर्क राख्न सक्नुहुनेछ ।

शिवराज सेढाईं
प्रमुख प्रशासकीय अधिकृत